# UAE FIU र FIU-Nepal बीच समझदारीपत्र (MoU) मा हस्ताक्षर




सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, तथा वित्तीय जानकारी इकाई सम्बन्धी विनियमावली, २०७७ बमोजिम सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी एवम् सम्बद्ध कसुर सम्बन्धमा एकापसमा सूचना तथा जानकारी (Intelligence) आदान प्रदान गर्न र अन्य आवश्यक समन्वय सम्बन्धी समझदारी कायम गर्न Financial Intelligence Unit of the United Arab Emirates (UAE FIU) र Financial Intelligence Unit of Nepal (FIU-Nepal) बीच समझदारी पत्र (MoU) मा हस्ताक्षर भएको छ । संयुक्त अरब इमिरेट्स, अबु धाबीमा सम्पन्न The Egmont Plenary समारोहमा मिति २०८० असार १९ (July 4, 2023) गते उक्त समझदारी पत्र (MoU) मा हस्ताक्षर भएको हो । UAE का तर्फबाट UAE FIU का प्रमुख अली फैसल वालावीले उक्त समारोहबिच हस्ताक्षर गर्नुभएको थियो भने यसअघि नेपालको तर्फबाट FIU-Nepal का प्रमुख दीर्घ रावलले काठमाडौंमा हस्ताक्षर गर्नुभएको थियो । सहायक निर्देशक अमिष शर्माले सो समारोहमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्नुभएको थियो ।